# सन्दकपुर गाउँपालिका

१ नं. प्रदेश, नेपाल
Province No. 1, Nepal

SANDAKPUR RURAL MUNICIPALITY

## गाउँ कार्यपालिकाको कार्यालय

## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

माबुमोड, देउराली, इलाम
MABUMODE, DEURALI, ILAM


प.सं. १२३१

मिति: २०७७/११/०१

**न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना**

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आर्थिक बर्ष २०७८/७९ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न ईच्छुक बेरोजगार ब्यक्तिहरुले मिति २०७७ साल फागुन मसान्त भित्र आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यलयमा बेरोजगार ब्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निबेदनको ढाँचा सम्बन्धित वडा कार्यलय, रोजगार सेवा केन्द्र, देउराली तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**निबेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. निबेदक एवम परिवारका सम्पुर्ण सदस्यको नगरिकता/ जन्मदर्ताको प्रतिलिपी।
२. निबेदकको १ प्रति पासपोर्ट साइजको फोटो।
३. निबेदक सहित परिवारका सम्पुर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था ( स्वदेश/विदेश/स्वरोजगार)
४. कुल बार्षिक पारिवारिक आय, परिवारका सम्पुर्ण सदस्यहरूले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजागारदाताबाट कुनै सहायता वा आम्दानी लिएको/नलिएको विवरण ।
५. फारमको बुदा नं १४ र २१ अनिवार्य भर्नुहुन अनुरोध छ।
६. निवेदनमा उल्लेखीत सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यलयबाट प्रमाणित भएको निवेदन मात्र सुचिकृत गरिनेछ।
७. सम्पूर्ण विवरण याथार्थपूर्ण हुनु पर्नेछ।

*नोट: थप जानकारीको लागि सम्बन्धित वडा कार्यलय तथा रोजगार सेवा केन्द्र, देउरालीमा सम्पर्क गर्न सकिनेछ।*

सन्तोष भट्टराई
(रोजगार संयोजक)

महेश राई
(प्रमुख प्रशासकीय अधिकृत)

महेश राई
प्रमुख प्रशासकीय अधिकृत